# चाँगुनारायण नगरपालिकाको अर्ध वार्षिक समिक्षा

## बजेट तथा कार्यक्रम र राजश्व संकलन तथा परिचालन तर्फ

यस नगरपालिकाको आ व २०७७/७८ का लागि कुल बजेट १,४८,२७,०३,६०० रहेको र सोमा तपशील बमोजिमको शीर्षकमा रकम संकलन भएको छ ।

- यस नगरपालिकाको आन्तरिक आयको प्रमुख श्रोतको रुपमा रहेको पर्यटन ,माटो पानी ठेक्का , घर नक्सा सिफारिश सहितको आ व २०७७/७८ को लागि कुल रु २८,७१,६०,०००।— (अठ्ठाईस करोड एकहत्तर लाख साठी हजार रुपैया_ प्रक्षेपित आय अनुमान रहेकोमा चैत्र ०४ गते सम्म कुल १०,११,००,१७१।- (दश करोड एघार लाख एक सय एकत्तर रुपैया) मात्र संकलन भएको छ । यो कुल प्रक्षेपणको ३५।२०% प्रतिशत हो ।
  राजश्व संकलन कोभिड १९ को प्रभावका कारण कम भएको र आगामी दिनमा राजश्व संकलनका लागि व्यवसाय दर्ता लगायतका अभियान संचालन गर्न सबैको तदारुकताको साथ अघि बढाईने छ ।
- चाँगुनारायण नगरपालिकामा संघीय सरकारबाट राजश्व बाँडफाँडमा रु ८,८७,२८,६०० ( आठ करोड सतासी लाख अठ्ठाईस हजार छ सय रुपैया) प्राप्त हुने अनुमान भएकोमा हाल सम्म २,१६,२०,२२९।- (दुई करोड सोह्र लाख बिस हजार दुई सय उन्तीस रुपैया) निकासा प्राप्त भएको छ ।
- बागमती प्रदेशबाट राजश्व बाँडफाँडमा कुल रु २८,२०,७३,००० अठाईस करोड बीस लाख त्रिहत्तर हजार प्राप्त हुनु पर्नेमा हालसम्म रु १०,९६,६९,१४६।- दश करोड छयानब्बे लाख उनसत्तरी हजार एक सय छयालिस रुपैया निकासा प्राप्त भएको छ।
- वित्तीय समानीकरण अनुदान तर्फ संघीय सरकारबाट रु १६,५२,००,०००।- सोह्र करोड बाउन्न लाखमा ८२६०००००।- आठ करोड छब्बीस लाख र बागमती प्रदेशबाट रु १,०६,२२,०००।- एक करोड छ लाख बाईस हजारमा २६५५५००।- छब्बीस लाख पचपन्न हजार पाच सय गरी कुल रु ८,५२,५५,५००।- आठ करोड बाउन्न लाख पच्पन्न हजार पाँच सय निकासा प्राप्त भएको छ।
- विशेष र समपुरक अनुदान तर्फ संघीय सरकारबाट रु ३,३६,००,०००।- तीन करोड छत्तिस लाख र बागमती प्रदेशबाट रु १,००,००,०००।- एक करोड समपुरक अनुदान गरी कुल रु ४,३६,००,०००।- चार करोड छत्तिस लाख अनुदानका योजनाहरु छनोट भएको छ ।
- शसर्त तर्फ संघीय सरकारबाट रु २९,५६,००,०००।०० उन्नतिस करोड छपन्न लाखमा ९,८५,३०,०००।- नौ करोड पचासी लाख तीस हजार रुपैया प्राप्त भएको र बागमती प्रदेशबाट

रु २,९७,२०,००० दुई करोड सन्तानब्बे लाख बिस हजार रुपैया मध्ये हालसम्म ७४,३०,०००।- चौहत्तर लाख तीस हजार रुपैया निकासा प्राप्त भएको छ ।

- यस चाँगुनारायण नगरपालिकाको बजेट कुल रु **१,४८,२७,०३,००,० एक अर्व अडचालिस करोड सत्ताईस लाख तीन हजार छ सय** भएकोमा गत बर्षको १० करोड बैंक मौज्दात समेत गरी कुल बजेट १५८२७३६००।- **एक अर्व अन्ठाउन्न करोड सत्ताईस लाख तीन हजार छ सय**संसोधन गर्न अनुसूचि १ मा समावेश गरी पेश गरिएको र कुल बजेटमा माघ १५ सम्ममा ७२,८६,१३,५२८।- बहतत्तर करोड छयासी लाख तेह्र हजार पाँच सय अठ्ठाईस रुपैया बराबरको रकम संकलन भएको छ र संकलन हुन बाँकी कुल ८५,४०,९०,०७२।- पचासी करोड चालिस लाख नब्बे हजार बहत्तर रुपैया रहेको छ ।

## २ आर्थिक प्रशासन तर्फ

- यस आव मा चाँगुनारायण नगरपालिकाको कुल बजेट रु **१,४८,२७,०३,६०० एक अर्व अडचालिस करोड सत्ताईस लाख तीन हजार छ सय** रहेकोमा हाल सम्म ६६०२२९९७०।५२ छैसठ्ठी करोड दुई लाख उनान्तीस हजार नौ सय सत्तरी रुपैया खर्च भएको छ ।
- यो खर्च कुल विनियोजित बजेटको ४४.५२% हो ।
- पुँजीगत तर्फ विनियोजित रु ८१,२५,९०,०००।- एकासी करोड पच्चिस लाख नब्बे हजार रुपैयाको हाल सम्म ४०.५५ प्रतिशत खर्च भएको छ ।
- नगरपालिकाको कुल बजेटको चालु तर्फ विनियोजित रु ६७,०१,१३,६००।- सठसठ्ठी करोड एक लाख तेह्र हजार छ सय रुपैया मध्ये हाल ४३.३६% खर्च भएको छ ।

## राजश्व संकलन तथा व्यवसाय दर्ता तर्फः

- यस नगरपालिकामा साउन १ देखि चैत्र ८ गते सम्म कुल १४६ वटा व्यवसाय तथा उद्योगहरु दर्ता भएका छन् । यसमा १ एक करोड देखि ५ करोड सम्मका कुल १८ वटा उद्योगहरु दर्ता भएका छन् ।त्यसरी नै ५ पाँच करोड भन्दा माथि पूँजी भएका कुल ६ वटा उद्योगहरु दर्ता भएका छन् ।
- कुल पूँजी १० देखि २० लाख सम्मका २० पन्ध्र वटा, र २० देखि १ करोड पूँजी भएका कुल ५० वटा व्यावसायहरु दर्ता भएको छ । नक्शा लेखन सम्बन्धि २९ व्यवसाय दर्ता भई कुल वटा व्यवसाय दर्ता भएका छन् ।
- नगरपालिकाको क्षेत्र भित्र सञ्चालित व्यवसायहरुको दर्ता तथा नवीकरणका लागि व्यवसाय दर्ता अभियान शुभारम्भ भएको जानकारी समेत गराउन चाहन्छु ।
- घर घडेरी सम्याउने तथा काँचो ईट्टा माटो ओसार पोसार कार्यलाई व्यवस्थित गर्ने कार्यविधि २०७७ कार्यपालिकाको ८१ औ बैठकबाट स्वीकृत भई कार्यावन्यन भएको छ ।

- आय ठेक्काका लागि चाँगुनारायणबाट बाहिरिने कच्चा तथा शुद्ध पानीको ठेक्का आव्हान भई कुल ८०,२५,०००।- असी लाख पच्चिस हजारमा सम्झौता भएको छ । त्यसरी नै चाँगुनारायण नगरपालिकाबाट बाहिरिने पाँगो माटो माटो र काँचो ईट्टाको अशुली सम्बन्धि ठेक्का आव्हान भएको छ ।
- घ वर्गको निर्माण ईजाजत पत्र कुल १५ वटा प्रदान गरिएको छ ।
- राजश्व संकलन कोभिड १९ को प्रभावका कारण कम भएको र अबका दिनमा राजश्व संकलनमा सबैको तदारुकता आवश्यक रहेको समेत आग्रह गर्दछु ।

## योजना तथा विकास निर्माण तर्फः

- चाँगुनारायण नगरपालिकाले यस आर्थिक वर्षमा चाँगुनारायण वडा नं ५ को घुमाउनेमा **चाँगुनारायण नगरपालिका कार्यालयको आफ्नै भवन** ४१,२३,५२,००२।- **लगानीमा** ठेक्का आव्हान भएकोमा ३७ प्रतिशत घटी रकम रु २५,४६,२५,४१४।८७ मा सम्झौता भई निर्माण कार्य थालनी भईसकेको छ।यो कुल लागत भन्दा ३७ प्रतिशत कममा सम्झौता भएको छ अबको दुई बर्षमा आफ्नो सुविधासम्पन्न भवनबाट संचालन भई नगरबासीमा सेवाप्रवाह प्रभावकारी हुने देखिन्छ।
- नगरपालिकाको वडा नं ४ मा **बहुउद्धेश्यीय सुविधा सहितको खेल** मैदान बनाउनका लागि जग्गा सम्याउने ठेक्का ६ करोड ८३ लाखमा माटो बालुवा तथा पाँगो माटोको ठेकका सम्झौता भई माटो बालुवा हटाई निर्माणका लागि सम्याउने कार्य प्रकिया अगाडी बढेको छ।
- चाँगुनारायण नगरपालिका वडा नं ८ स्थित **बोजिनी ड्यामलाई** बहुउद्धेश्यीय आयोजनाको रुपमा पर्यापर्यटन प्रबर्द्धन हुने खानेपानीको मुख्य श्रोत विकास हुने गरी तत्कालका लागि सिंचाई सुविधा तथा भविष्यमा आवश्यकता अनुसार पर्यटन, खानेपानी लगायतमा प्रयोग हुने गरी तथा वातावरण संरक्षण हुने गरी कार्य अघि बढाईएको छ। यसमा विशेष अनुदान रु २ करोड प्राप्त भएकोमा यसमा ठेक्का आव्हान भई आशय प्रकाशनको चरणमा रहेको छ ।
- चाँगुनारायण वडा नं १ को कार्यालयको कुल २,७४,७८,८४३।५३ को कुल लागतमा बन्ने वडा कार्यालयको भवनको निर्माणका लागि ठेक्का आव्हान भएको छ ।
- चाँगुनारायण वडा नं ७ मा रहेको तपा दम्फुमा **बहुउद्धेश्यीय सामुदायिक भवनको** निर्माण सम्पन्न भई हस्तातरण भई संचालनमा आएको छ । यसमा कम्पाउण्ड वाल लगाउने र चमेना गृह निर्माणका लागि ठेक्का सम्झौता भई निर्माण कार्य भईरहेको छ।
- पर्यापयर्टनको प्रबर्द्धनका लागि मुहानपोखरी महादेव पोखरी **३** करोड १० लाख को लागतमा **४.०२** किलोमिटर लामो **पर्या-पदमार्ग** निर्माण भएकोमा १,१०० मी थप निर्माणका लागि ठेक्का सम्झौता भएको र निर्माण कार्य अघि बढेको छ। यसले चाँगुनारायण नगरपालिकामा

एक थप पर्यटन गन्तब्यको रुपमा विकास भएको र यसलाई थप प्रचार प्रसारको आवश्यकता रहको छ ।

- चाँगुनारायण नगरपालिका सबै वडाहरु जोड्ने फास्ट ट्र्याक निर्माण वडा नं ९, ८, ७ र १ बाट थालनी भएको र यसमा संघीय सरकारबाट रु १ करोड ३६ लाख र नगरपालिकाको ५ करोड ६४ लाखमा गरी कुल ७ करोडमा मा ठेक्का सम्झौता भएको र निर्माण कार्य थालनी भएको छ । यसबाट नगरपालिकाको वडाहरु जोड्ने तथा आवागमन सहज हुने देखिन्छ ।
- यस नगरपालिकामा जिल्ला समन्वय समितिको मौज्दात कोषबाट सञ्चालन हुने कुल ७,३०,००,०००।- सात करोड तीस लाखमा १९ वटा योजनाहरु संचालन भएकोमा १८ वटा योजना सम्भौता भईसकेको छ ।
- यस आ व मा जिल्ला समन्वय समितिको मौज्दातबाट कुल ३ करोड ८५ लाख प्राप्त भएको छ । यसमा चाँगुनारायण नगरपालिकाको कार्यालय भवन निर्माणमा ३ करोड वडा नं ६ को वडा कार्यालयको भवनको तला थपमा २५ लाख वडा नं ७ का हेल्थपोष्ट निर्माणमा १५ लाख, वडा नं ७ को बागेश्वरी लामिडाँडा खानेपानी आयोजनाको २० लाख, ब्याँसी टोल खानेपानी आयोजना ५ लाख , र ओमकारेश्वर शिव मन्दिरमा खानेपानी मा ५ लाख विनियोजन भएको छ ।साथै हाल चाँगु मावि १० लाख , कालेडोल खानेपानी वडा नं ३ मा १५ लाख र गितामाया खानेपानीमा वडा नं ५ मा १५ लाख गरि ३ वटा योजना थप भएको छ ।
- आ व २०७६/७७ मा स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत यस नगरपालिकामा प्राप्त कुल ३४ वटा योजनाहरुको ४ वटा ठेक्का बाट संचालन भएको र ३० वटा उपभोक्ता समितिबाट संचालन भएको थियो ।
- बागमती प्रदेशबाट स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत १३ वटा योजना नगरपालिकामा प्राप्त भएको र सो मा ३ ठेक्कामा र १० उपभोक्ता समितिबाट संचालित भएको र यसमा कुल ९ वटा योजना सम्पन्न भएको र ४ योजनाको भुक्तानी बाँकी रहेको छ । बाँकी भुक्तानी बागमती प्रदेश सरकार सँग माग गरिएको छ ।
- यस नगरपालिकाको आन्तरिक बजेट तथा कार्यक्रमबाट सञ्चालित योजना तथा कार्यक्रमहरुमा ठूला सडक खानेपानी लगायतका ३५ वटा योजनाहरु ठेक्का मार्फत आव्हान गरिएको र सो मा २१ वटा योजनाहरु सम्झौता भई कार्यान्वयनको चरणमा रहेको छ ।
- बाँकी ९ योजनाको मूल्याङ्कन भई आशय प्रकाशित भएको र ५ योजनाको सूचना प्रकाशित भएको छ ।
- आ व २०७६/७७ मा उपभोक्ता समिति मार्फत संचालित विभिन्न साना सडक तथा अन्य पूर्वाधार लगायतका कुल १५५ योजनाहरुमा माघ १५ सम्म १४० योजनाहरु सम्पन्न भई फरफारक भएको र १५ योजनाहरु बाँकी रहको जानकारी गराँउछु ।

- त्यसरी नै मागमा आधारितमा ८ योजना ५०/५० को साझेदारीमा २ ६०/४० को साझेदारीमा ३ तथा ठेक्का बचत बाट बाँकी रहेको २ गरी कुल १५ योजना बाँकी रहेको छ ।
- आ व २०७७/७८ मा उपभोक्ता समिति मार्फत संचालित कुल २४८ योजनामा १०८ वटा सम्झौता भएको र ६७ योजनाको निर्माण सम्पन्न र फरफारक भएको छ । यसमा साना सडक तर्फमा कुल ११३ योजना हरु संचालनमा रहेकोमा ६८ योजना सम्झौता भएको र ३६ फरफारक भएको छ ।
- खानेपानीमा विनियोजन भएको कुल ५३ योजनाहरुमा १० योजना सम्पन्न भएको र मठ मन्दिरमा विनियोजित २६ योजनाहरुमा ११ योजनाको कार्य सम्पन्न भएको छ ।
- यस आ व मा ६०/४० को साझेदारीमा कुल २१ वटा योजना संचालन ८९१८२३७।- उनासी लाख अठार हजार दुई सय सैतिस रुपैया को साझेदारीको कार्यक्रम संचालन भएको छ।
- यस आ व मा ५०/५० को साझेदारीमा कुल २३ वटा योजना मा ३४१७३१३।- चौतिस लाख सत्र हजार तीन सय तेह्र रुपैया को कार्यक्रम सम्झौता भई कार्यान्वयनमा छ ।
- चालु आ वमा मागमा आधारित तथा कार्यपालिकाबाट निर्णय भएका कुल १७ योजनाहरु संचालन भएका योजनाहरु रहेको छ ।
- भौतिक पूर्वाधार क्षेत्र तर्फको प्रगति तर्फ कालोपत्रे २.५ कि मी ग्राभेल ३ किमी ढलान ८०० मिटर रिटेनिङ वाल तर्फ १ कि मी र ड्रेन १ कि मी बनेको छ ।
- बागमती प्रदेशका माननीय सरस्वती वाटीबाट सिफारिश भएका कुल ४ योजना सम्झौता भई कार्यान्वयनमा गएको छ ।
- नगरपालिकाबाट कोभिड -१९ को महामारीबाट सङ्क्रमितहरुका लागि घरमै रहेको अवस्थामा डाक्टरहरुबाट आईशोलेसनमा रहेको अवस्थामा परार्मश सेवा निःशुल्क रुपमा प्रदान गरिएको छ ।
- यस आवमा मात्रै ५२ वटा ईविडिगं मार्फत ठेक्का आव्हान भएकोमा ४४ वटा योजनाहरुको सम्भौता भई सकेको छ ।अन्य सम्झौता प्रकृयामा रहेका छन् ।

## शिक्षा युवा तथा खेलकुद विकास शाखा तर्फः

यस चाँगुनारायण नगरपालिकाबाट शिक्षा युवा तथा खेलकुद विकास शाखामा कुल ३,२८,७०,०००।-तीन करोड अठाईस लाख सत्तरी हजार विनियोजन भएकोमा हाल सम्म १८४६०४५।- खर्च भएको छ ।यो कुल ५.६० प्रतिशत वित्तीय प्रगति हो । कोभिड -१९ काकारणबाट अपेक्षित उपलब्धि हासिल गर्न चुनौती रहेको र बाँकी शैक्षिक उपलब्धि हासिल गर्नका लागि आगामी कार्ययोजना निर्माण गरी अघि बढिने जानकारी गराँउछु ।

- नगरपालिका भित्र सञ्चालनमा रहेका सबै सामुदायिक तथा सँस्थागत विद्यालयहरुमा स्वास्थ्य सुरक्षाका लागि अत्यावश्यक स्वास्थ्य साम्रगी-सर्जिकल मास्क, स्यानिटाईजर, साबुन आदि तथा विद्यालयहरुको मुख्यरुपमा प्रयोग हुने संरचनाहरु डिस्ईन्फेक्ट गरी विद्यालयहरु संचालन गरी प्रत्यक्षरुपमा विद्यार्थीहरुको सिकाई क्रियाकलाप अघि बढेको छ ।
- कक्षा ६ भन्दा माथिको छात्राहरुको लागि गुणस्तरीय स्यानिटरी प्याड उपलब्ध गराईएको छ ।
- बचत खाता छोरीको सुरक्षा जीवन भरीको कार्यक्रम संचालनमा ल्याएको छ ।
- युवा प्रतिभा प्रष्फुटन कार्यक्रम सम्पन्न भएको छ ।
- तेश्रो त्रैमासिक परिक्षा सम्पन्न भएको छ ।

## स्वास्थ्य तर्फ

नगरपालिकाबाट स्वास्थयमा विनियोजित कुल ३,३५,००,०००।— तीन करोड पैत्तिस लाखमा माघ १५ सम्ममा कुल १७,९४,९६३।- खर्च भएको छ । यो विनियोजित बजेटको कुल ५.३० प्रतिशत रहको छ ।

- चाँगुनारायण नगरपालिकाले वडा नं ४ को हुचिढुंगामा मिति २०७७/०८/२८ बाट १५ बेड को सुविधा सहितको चाँगुनारायण अस्पताल सञ्चालन गरेको छ । यसमा चाँगुनारायण नगरपालिकाले आफ्नै श्रोतमा एक जना मेडिकल सुपरिटेन्डेन्ट, २ जना मेडिकल अधिकृत, १ जना रेडियोग्राफर, १ जना ल्याब असिस्टेन्ट र दुई जना स्टाफ नर्स करारमा लिई अस्पताल बाट सेवा सुचारु गरेको जानकारी गराउदछु ।
- कोरोना रोकथाम तथा न्युनीकरणका लागि प्रत्येक दिनको डाटा नगरपालिकाले अपडेट गरिरहेको र सङक्रमितहरुको कन्टाक्ट ट्रेसिङ तथा पि सि आर परिक्षण गरिरहेको छ । चाँगुनारायण नगरपालिकामा कुल ८३० सङक्रमित भएकोमा माघ १२ गतेसम्म ८१२ जना निको भईसकेका र १० जना सक्रिय सङ्क्रमित रहेको र १० जनाको मृत्यु भएको जानकारी गराँउदछु ।
- कोरोना रोकथाम तथा नियन्त्रणका लागि पिपिई, सर्जिकल मास्क, स्यानिटाईजरहरु नगरपालिकाका सबै कार्यालयहरुमा स्वास्थ्य चौकीहरुमा विद्यालयहरुमा विभिन्न संघ सँस्थाहरु तथा नगरपालिकाका तालिम गोष्ठीहरुमा वितरण गरिएको छ ।
- नगरपालिकाको स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र मा आवश्यक हरेक खालका आवश्यक औषधि खरिद गरिएको र यसमा विनियोजित रु ५० लाखमा १,४३,०६७।— एक लाख त्रिचालिस हजार सठसट्ठी रुपैया खर्च भएको छ ।

## प्रशासन, महिला बालबालिका ज्येष्ठ नागरिक तर्फ

- महिला बालबालिका तथा ज्येष्ठ नागरिकको शाखामा चालु आ.वको लागि कूल विनियोजित बजेट १,६०,३०,०००।०० मा हाल सम्म ४,८०,०००।- खर्च भएको छ ।
- उपप्रमुख सँग उद्यमशीलता कार्यक्रमको सूचना प्रकाशित भई कार्य अघि बढेको जानकारी गराँउछु ।
- महिला विकास तर्फ लैङ्गिक हिंसा सम्बन्धि ३ तीन दिने तालिम कार्यक्रम ३ वटा वडामा सञ्चालन भएको छ। प्रजनन् स्वास्थ्य कार्यक्रम वडा नं ६ मा संचालन भएको छ ।
- बालबालिका लक्षित लगायत अन्य कार्यक्रम संचालनको क्रममा रहेको समेत जानकारी गराँउछु ।
- चाँगुनारायण नगरपालिकाबाट हालसम्म १६६ वटा अपाङ्गता परिचय पत्र वितरण भएको छ। २०७७ /७८ मा कुल ६४ वटा अपांगता परिचयपत्र वितरण गरेको छ। यसमा कुल महिला ३४ र पुरुष ३० जना रहेका छन्। क वर्गको परिचय पत्र प्राप्त गर्ने ३१, ख वर्गको २८, ग वर्गको ३ र घ वर्गको १ रहेको छ ।
- त्यसरी नै यस नगरपालिकामा हालसम्म ज्येष्ठ नागरिक परिचयपत्र पाउने महिला ५०७ र पुरुष ६१० गरी कुल ११११७ जना रहेका छन्।
- सँस्था दर्ता तर्फ खानेपानी उपभोक्ता समिति कुल ९ वटा, टोल विकास समिति १४ वटा र अन्य सामाजिक सँस्था ९ वटा दर्ता भएको छ।
- कोभिड -१९ को महामारीका कारण बेरोजगार तथा आर्थिक अवस्था कमजोर भएका ५५० जनालाई राहत साम्रगी बाल विकास समाज लागयतका सँस्थाको सहयोगमा वितरण गरिएको छ ।
- अपांगता परिचयपत्र सिफारिश समिति बैठक २ दुई पटक बसी सोलाई अझ व्यवस्थित बनाईएको छ ।

## <u>**सामाजिक सुरक्षा**</u> तर्फ

यस नगरपालिकामा सामाजिक सुरक्षामा १२ करोड ६० लाख विनियोजन भएकोमा ३६७७ जनालाई हाल सम्म पहिलो किस्ता ४,१९,७२,१३९।- वितरण भएको छ ।

- दोश्रो किस्ता वितरणका लागि लाभग्राहीको भत्ता सुविधा बैंक मार्फत भुक्तानी गरिएको छ।
- सामाजिक सुरक्षामा बैंक सँग भएको सम्झौता बमोजिम वडाका लाभग्राहीहरुको खाता खोल्ने कार्य अघि बढेको र वडा स्तरीय गुनासो सुनुवाई समिति गठन हुने प्रकृयामा रहेको छ ।
- नगरपालिकामा कुल ३५७५ दर्ता भएका निवेदन हरु र चलानीको सँख्या ३९५५ रहेको छ । घटना दर्ता विवरण तर्फ यस नगरपालिकामा यस आ व मा कुल १४०० घटना दर्ता

भएका र सो मध्ये जन्म दर्ता ८७२, मृत्यु दर्ता २३९, सम्बन्ध विच्छेद ८ , विवाह दर्ता २२७ र बसाई सराई ११५ घटना दर्ता भएको छ ।

## **न्यायिक समिति** तर्फमा

यस आर्थिक वर्षमा कुल ३८ वटा निवेदनहरु दर्ता भएका छन् जसमा सुनुवाईको क्रममा २२ वटा, १ कारबाहिका लागि अदालत पठाईएको , तामेलीमा १० र फर्सोट भएको ५ रहेको छ।

## **कानुन निर्माण तर्फ**

यस नगरपालिकाबाट तपशील बमोजिमका कार्यविधि निर्माण भएका छन् ।

- मेयर उद्यमशीलता विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि -२०७७
- सहुलियतपूर्ण कर्जा ब्याज अनुदान सम्बन्धी कार्यविधि-२०७७
- बचत खाता छोरीको सुरक्षा जीवनको कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि-२०७७
- लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि-२०७७
- स्वास्थ्य बीमा सम्बन्धी कार्यविधि-२०७७
- करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि-२०७७
- घर घडेरी सम्याउने तथा काँचो ईट्टा माटो ओसार पोसार कार्यलाई व्यवस्थित गर्ने कार्यविधि- २०७७
- आपतकालीन बाल उद्धार कोष सञ्चालन कार्यविधि -२०७७
- चाँगुनारायण नगरपालिका नगरस्तरीय यातायात गुरुयोजना-२०७७

त्यसैगरि आठौं नगरसभाबाट तपशिल बमोजिमको कानूनहरु पारित भएका छन्

- विभूषण पदक, पुरस्कार तथा सम्मान सम्बन्धमा कानूनी व्यवस्था गर्न बनेको ऐन २०७७ सम्बन्धमा ।
- शिक्षा ऐन २०७४ लाई संशोधन गर्न बनेको ऐन २०७७ ।
- खनिज पदार्थको संरक्षण उपयोग तथा व्यवस्थापन ऐन २०७७ ।
- चाँगुनारायण नगरपालिका खानेपानी व्यवस्थापन बोर्ड सम्बन्धी ऐन २०७७
- चाँगुनारायण नगरपालिका भूउपयोग तथा भूमि व्यवस्थापन ऐन २०७७
- खानेपानी महशूल निर्धारण आयोग सम्बन्धी व्यवस्था गर्न बनेको ऐन २०७७
- नेपाल ईन्जिनियरिगं कलेज संचालन कार्यविधि ऐन २०७७
- वातावरण संरक्षण तथा व्यवस्थापन ऐन २०७७

## जिन्सी तर्फः

यस नगरपालिका अन्तर्गतका वडा कार्यालयहरु कुल १० वटा पक्की भवनहरु रहेको डोजर १ थान टिपर २ थान स्करपियो- ५ थान मोटरसाईकल -१३ र स्कुटर ३ थान रहेको छ ।

## पशुपंक्षी विकास तर्फः

नगरपालिकाबाट पशुपंक्षी प्रर्बद्धनका लागि विनियोजित कुल ७६,६२,०००।— छयत्तर लाख बैसठ्ठी हजार मा हालसम्म ८,२८,२५२।- खर्च भएको छ । यो विनियोजित बजेटको कुल १०.८ प्रतिशत रहको छ ।

- प्रधानमत्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत पशुपंन्छी प्रवर्धन कार्यक्रमर बाख्रा श्रोत बिकास कार्यक्रमका लागि पकेट क्षेत्र निर्धारणका लागि सूचना प्रकाशन हुने क्रममा रहेको छ ।
- हालसम्म संचालन भएका कार्यक्रमहरुमा कुल ४,७४२ जना कृषक लाभान्वित भएका छन् ।

## कृषि तथा पशु विकास तर्फः

- **कृषि विकास तर्फ** यस नगरपालिकाबाट कुल एक करोड सन्तानब्बे लाख १,९७,००,०००।- विनियोजन भएकोमा हाल सम्म १५,०९,७८०।- खर्च भएको छ जुन कुल विनियोजित बजेटको ७.६६।- प्रतिशत वित्तीय प्रगति हो ।सो मा कुल २० योजना तथा कार्यक्रम रहेको थियो । पहिलो चौमासिकमा कुल ५ कार्यक्रम सम्पन्न हुने चरणमा र बाँकी कार्यक्रम संचालन हुने क्रममा रहेको छ ।
- हालसम्म कृषकहरु तथा कृषक समुहहरुलाई उन्नत खाद्यान्न बीउ वितरण ५० प्रतिशतको अनुदानमा कुल ५ टन गहुँ र तोरी ५०० के जी वितरण गरिएको वितरण गरिएको छ सो मा विनियोजित कुल सात लाख पचास हजार खर्च भएको छ । यसबाट कुल ३५०० जना लाभान्वित भएका छन् ।

## सूचना प्रविधि तर्फः

सुचना प्रविधि क्षेत्रमा चालु आ.वको लागि कूल विनियोजित बजेट १,६२,००,०००।०० मा हाल सम्म २७,९६,४७२।- खर्च भएको छ जुन कुल विनियोजित बजेटको १७.२६ प्रतिशत प्रगति हो । यस शाखामा तय गरिएका कुल १३ वटा कार्यक्रमहरुमा ४ वटा कार्यक्रम सम्पन्न भएका छन्।यसमा समुदायमा ईन्टरनेट सेवा विस्तार वडा कार्यालयहरुमा डिजिटल सूचना पाटी जिन्सी व्यवस्थापन प्रणाली र एकीकृत सुचना प्रणाली रहेको छ ।

• नगरपालिका स्तरीय डाटा सेन्टर स्थापना वडा कार्यालयहरुमा सिसिटिभी जडान नगरपालिकाको ओपन जि आ ई एस घर नक्शाको पुराना फाईलहरुको डिजिटल गर्ने कार्य नगरपालिकाको डिजिटल प्रोफाईल तथा चाँगुनारायण मन्दिरमा वाईफाई सेवा को कार्य संचालन मा रहेको छ ।

## आर्युवेद शाखा तर्फः

यस चाँगुनारायण नगरपालिकाबाट आर्युवेद शाखामा कुल १२,४५,०००।-बाह्र करोड पैतालिस लाख विनियोजन भएकोमा हाल सम्म ४९६०७८।- खर्च भएको छ ।यो कुल ३९.८५ प्रतिशत वित्तीय प्रगति हो । आर्युवेदको लागि औषधालयमा आवश्यक औषधि रु ४,९६,०७८ को औषधि खरिद गरिएको छ ।

## सहकारी प्रर्वद्धन तर्फः

• चाँगुनारायण नगरपालिकाको अधिकार क्षेत्र भित्र रहेका कुल १२२ सहकारी सँस्थाहरुको तथ्याङ्क तथा फायल व्यवस्थित गरिएको छ ।

• सहकारी सँस्थाहरुको लेखापरिक्षण गर्नका लागि कुल ८२ सहकारीले यस नगरपालिकाबाट स्वीकृति लिएको र ५३ सहकारीले सो बमोजिम साधारण सभाको प्रतिवेदन बुझाएको छ । यस आ व मा कुल ५ वटा सहकारी सँस्थाहरुको कार्यक्षेत्र थप गरिएको ३ सहकारी सँस्थालाई सेवा केन्द्र खोल्न अनुमति प्रदान गरिएकव तथा अन्यलाई समेत आफ्नो विवरण अध्यावधिक गराउन जानकारी गराईएको छ ।

## उद्यमशीलता विकास कार्यक्रम तथा गरिबी निवारणका लागि सीपविकास कार्यक्रम तर्फ

• यस नगरपालिकाको मेयर उद्यमशीलता विकास कार्यक्रममा आवद्ध हुनका लागि १३०० आवेदन भएकोमा कुल १०१२ आवेदनको कागजात पुरा भएको र सो बमोजिम १०१२ जनालाई अभिमुखीकरण गर्न र ६०० जनालाई सीप विकास तालिम दिनका लागि राष्ट्रिय युवा परिषद् तथा चाँगुनारायण नगरपालिका बीच सम्झौता भै कार्य शुरु भएको छ ।

## विपद् व्यवस्थापन तर्फः

• यस आ.वमा नगरपालिकाको विपद् जोखिम न्यूनिकरणको लागिमनसुनका कारण २४८ घरधुरी प्रभावित भएकोमा ५०/५० को साझेदारीमा सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएकोमा हाल सम्म ६८ परिवारको जोखिम विश्लेषण गरि प्राथमिकताको आधारमा २३ घरधुरीहरुलाई सकंटासन्न परिवारको रुपमा सिफारिस गरिएको छ । सिफारिस भएका मध्ये ९ वटा योजना सम्झौता भई घर परिवार संरक्षणका लागि योजना सञ्चालन गरिएको छ ।

## घरनक्सा तथा पूर्णनिर्माण

- पून निर्माण तर्फ कुल ११,०८० मा हाल सम्म १०,१०७ लाभग्राहिले पहिलो किस्ता प्राप्त गरी सम्झौता गरेका छन् । दोश्रो किस्ता प्राप्त गर्ने को संख्या ५,१०८ र तेश्रो किस्ता प्राप्त गर्नेको संख्या ४,९९६ छ। प्रबलीकरणमा रहेका कुल १९५ लाभग्राहि छन् जसमा १२५ ले पहिलो र १ जनाले दोश्रो किस्ताको रकम पाएका छन्।
- पूर्ण निर्माण तर्फबाट कुल ४,९९६ मध्ये २,८६० जनाले निर्माण सम्पन्न प्रमाण पत्र प्राप्त गरेका छन् । भुकम्प लगतै घर निर्माण गरेको व्यक्तिहरुको किस्ता सिफारिशका लागि कुल २०३ जनाको छुट्टै मापदण्ड बनाई सिफारिस गरिएको छ ।
- चाँगुनारायण नगरपालिकाले आ व २०७७/७८ मा अनलाईन घर नक्सा ईबिपीस पूर्ण रुपमा लागु गरेको छ ।यस आ व मा कुल दर्ता अनलाईन मार्फत ९३८ भएको छ । जसमा डिपीसी ७६४ वटा स्वीकृत गरिएको घर नक्सा पास भएको ५२६ भवन निर्माण सम्पन्न ६६ वटा, भवन अभिलेखिकरण ४५ वटा भवनहरु रहेका छन्।
- अनलाईन बाहेकका भवन निर्माण ईजाजत ४१९ बटा जारी गरिएको छ, यसमा वडा नं १ मा १६, २ मा ६७, ३ मा ३१, ४ मा ४४, ५ मा ६०, ६ मा २३, ७ मा ३५, ८ मा ५० र ९ मा ९३ रहेको छ ।

## पूर्ण सरसफाई तथा वास तर्फः

नगरपालिकाको पूर्ण सरसफाई योजना कार्यान्वयनका लागि ग्वोबल स्यानिटेसन फन्ड तथा यु एन ह्याबिटयाटसँगको सम्झौता अवधि सकिएको र थप सम्झौताका लागि नगरपालिकाबाट आग्रह गरी पठाईएको छ । धन्यबाद

गत आ व २०७६।०७७ सम्म बाँकी पेश्की

जम्मा